# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/१७ गते सर्वोच्च अदालतमा पुनरावलोकन गरिएको बिबरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | सर्वोच्च अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १ | विकास ध्वन्जु, दुर्गा प्रसाद रेग्मी र ठाकुरराम खड्का (सर्वोच्च अदालतको मुद्दा नं. ०७५-CR-२६८३,०७६-CR-०२२९,०७६-CR-०५२५ र फैसला मिति २०८२।०२।०८) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | निवेदक चन्द्रप्रसाद न्यौपानेबाट रु.५,००,०००।–(पाँच लाख) घुस/रिसवत लिएको पुष्टि हुन आएकाले नेपाल गुणस्तर तथा नापतौल विभाग, टयाक्सी टेम्पो इकाई, बालाजु, काठमाण्डौंका निरीक्षक विकास ध्वन्जु, सहायक निरीक्षकहरु दुर्गाप्रसाद रेग्मी र ठाकुरराम खड्काले घुस/रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूरमा बिगो रु.५,००,०००।–(पाँच लाख) कायम गरी ऐ. ऐनको दफा ३(१) र ३(१) को देहाय (घ) बमोजिम जरिबाना र कैद सजाय हुन मागदावी लिइएको | **फैसलाः**<br>प्रतिवादीहरु उपरको आरोपित कसूर ठोस एवं निश्चयात्मक प्रमाणबाट पुष्टि हुनसकेको नदेखिएकोले तथा प्रतिपादित नजिर सिद्धान्त समेतबाट यी पुनरावेदक प्रतिवादीहरु विकास ध्वन्जु, ठाकुरराम खड्का र दुर्गाप्रसाद रेग्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(घ) बमोजिम जनही १ बर्ष कैद र विगो अनुरुप रु.५,००,०००।–(पाँच लाख) रुपैयाँ जरिबाना हुने ठहरी विशेष अदालत, काठमाण्डौंबाट मिति २०७६।१।११ मा भएको फैसला मिलेको नदेखिंदा उल्टी/बदर भई प्रतिवादीहरुले प्रस्तुत आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८२।०२।०८ मा सम्मानित सर्वोच्च अदालतबाट फैसला भएको। | **उल्लेखित आधारहरु लिई गरेको उक्त फैसला न्याय प्रशासन ऐन,२०७३ को दफा ११(२)(ख)को अवस्था विद्यमान भई निम्न लिखित आधार कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावलोकनको रोहबाट बदरभागी छ ।**<br>१. प्रस्तुत मुद्दाका उजुरवाला चन्द्रप्रसाद न्यौपाने टयाक्सी टयाम्पोको मिटर आयात गरेर टेक्सी टेम्पोमा जडान गराउने, काठमाण्डौ जिल्ला का .पा.न.म.वडा नं ३५, पेप्सीकोला स्थित चेतेन्द्र पन्तको नाममा दर्ता रहेको कम्पनी मेट्रो ट्रान्सपोर्ट पब्लिक सर्भिस प्रा को.लि.बजार व्यवस्थापक रहेको देखिन्छ भने पेशाले निज टयाक्सीको मिटर बिक्री, मर्मतको काम गर्ने ब्यक्ति रहेको देखिन्छ।उजुरवाला सेवाग्राहीको कम्पनी मेट्रो ट्रान्सपोर्ट पब्लिक सर्भिस प्रावटा मिटर झिकाएको र टयाक्सीको मिटर ५०० ले .लि. ल गुणस्तर तथजडान गर्नका लागि नेपा नापतौल विभागबाट सिल गर्ने कार्यको सिलशिलामा उक्त विभागमा निज उजुरवाला चन्द्रप्रसाद न्यौपाने गएको अवस्थामा नेपाल गुणस्तर तथा नापतौल विभाग अन्तर्गत टयाक्सी टेम्पु इकाइका टेम्पो इकाईमा तत्काल निरीक्षक पदमा कार्यरत विकाश (तृ.प.रा) ध्वन्जु, सहायक निरीक्षक पदमा कार्यरत ठाकुरराम खड्का, सहायक निरीक्षक पदमा कार्यरत दुर्गाप्रसाद रेग्मीले मेट्रो ट्रान्सपोर्ट पब्लिक सर्भिस प्रा को मिटरमा.लि.सिल लगाउने कामको प्रयोजनको लागी रु५.,००,०००।रिसवत माग गरि दिन बाध्य पा/घुस (पाँचलाख)-रेकोले सो विषयमा कार्यालयको कामसँग सम्बन्धित सरोकारवाला निज चन्द्रप्रसाद न्यौपानेले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गुनासो दर्ता गरि प्रस्तुत मुद्दाको अनुसन्धान शुरु भएको देखिंदा उजुरवाला चन्द्र प्रसाद न्यौपाने नेपाल गुणस्तर तथा नापतौल विभागको कामसँग सम्वन्धित सेवाग्राही र प्रतिवादीहरु विकाश ध्वन्जु, ठाकुरराम खड्का र दुर्गाप्रसाद रेग्मी नेपाल गुणस्तर तथा नापतौल विभाग अन्तर्गत टयाक्सी टेम्पु इकाइमा कार्यरत सेवाप्रवाह गर्ने कर्मचारी रहेको तथ्यमा कुनै बिबाद छैन। भ्रष्टाचार )Corruption / Bribery) सम्बन्धी मुद्दामा उजुरी दिने ब्यक्ति )Complainant/ Informant) सेवाग्राही वा प्रभावित पक्ष हुनु पर्ने, उजुरी दिने अधिकारको सिद्धान्त )Locus standi in corruption cases) सिद्धान्त अनुसार उजुरवाला सेवाग्राही र प्रतिवादीहरु उक्त सेवा प्रवाहसँग ब्यक्ति रहेको तथ्य स्पष्ट देखिन्छ।<br>२. प्रतिवादी विकास ध्वन्जुले वीरगन्ज भन्सार कार्यालयलाई सम्बोधन गरी २०७४।०२।२५, २०७४।०३।२१, २०७४।०४।३२ मा र २०७३।११।१९ मा भन्सार कार्यालय कन्चनपुर, गड्डाचौकी, महेन्द्रनगरलाई पत्राचार गरेर बिभिन्न मोडलका टयाक्सी भाडा मिटर (Taxi fare meter) मेट्रो ट्रान्सपोर्ट पब्लिक सर्भिस प्रा.लि.ले झिकाएको हुँदा भन्सार सिफारिसका लागि अनुरोध गरेको देखिन्छ।ति पत्रहरुमा मेट्रो ट्रान्सपोर्ट पब्लिक सर्भिस प्रा.लि.लाई बोधार्थ दिएको देखिन्छ। यसबाट सेवाग्राही चन्द्रप्रसाद न्यौपाने आबद्ध रहेको उक्त कम्पनीसँग प्रतिवादी विकास ध्वन्जुको पहिले देखि राम्रै सम्बन्ध रहेको देखिन्छ।यसरी आफूलाई पटक-पटक भन्सार सिफारिस दिएर सहयोग गरिरहेको कम्पनीसंग आवद्ध रहेका निज चन्द्रप्रसाद न्यौपानेले प्रतिवादीहरुलाई कार्यालयको कामको सिलशिलामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **सर्वोच्च अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.**अख्तियार दुरुपयोग अनुसन्धान नियमावली,२०५९ को नियम ३० मा रहेको प्रावधान नेपालको संविधानको धारा २०(९) मा रहेको स्वच्छ सुनुवाईको हक, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ मा रहेको व्यवस्थाको भावना र मर्म अनुकुल नरहेको, फौजदारी न्यायका मान्य सिद्धान्त, कानूनको उचित प्रकृया तथा प्रमाण संकलनसम्बन्धी न्यायिक मान्यता समेतका दृष्टिले मनासिब र तार्किक नदेखिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर घोषित भई सो प्रावधानअनुसार संकलन गरिएको अर्थात अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको कार्य प्रमाण ग्राह्य नहुने समेत ठहरी सर्वोच्च अदालतको संवैधानिक इजलासबाट | भेटघाट भई चिनजान रहेको देखिंदा उजुरवालाले प्रतिवादीहरुलाई फसाउनु पर्ने कुनै आधार कारण नभई प्रतिवादीहरुले ५ लाख घुस रकम माग गरेका कारण उजुरवाला वाध्य भई आयोगमा उजुर गर्न गएको तथ्य मिसिल संलग्न शुरु निवेदन एवं उजुरवालाको बकपत्रबाट पुष्टि भएको छ।<br>३. उजुरवाला चन्द्र प्रसाद न्यौपानेसंग गुणस्तर तथा नापतौल बिभाग बालाजु, काठमाण्डौका निरीक्षक (शाखा अधिकृत) विकास ध्वन्जु, सहायक निरीक्षकद्वय दुर्गा प्रसाद रेग्मी, र ठाकुर राम खड्का समेतले रु.५,००,०००।- (अक्षरेपी पाँच लाख) घुस/रिसवत माग गरेकोले निज राष्ट्रसेवक कर्मचारीहरुले घुस/रिसवत लिएको अवस्थामा फेला परेमा निज कर्मचारीहरू तथा अन्य संलग्न कर्मचारीहरूलाई दशी प्रमाण सहित पक्राउ गरी भ्रष्टाचार निवारण ऐन तथा प्रचलित कानून बमोजिम कारबाही गरी पाऊँ भन्ने व्यहोराको चन्द्र प्रसाद न्यौपानेको उजुरी निवेदन रहेकोमा उक्त उजुरी अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको टोलीले मिति २०७४।५।२२ गते बिहान भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका, वडा नं. ५ स्थित लक्ष्मी श्रेष्ठले संचालन गरेको युनिभर्सल तन्दुरीको पहिलो तलाको उत्तर पूर्वतर्फको क्याबिनमा रहेका यि प्रतिवादीहरु मध्ये विकाश ध्वन्जुको झोलाबाट सेवाग्राहीसँग घुस/रिसवत लिएको रकम रु.५,००,०००।-(पाँच लाख) बरामद भएको, र सो रकम गन्ती गर्दा रु.१०००।-(एक हजार) दरका ४७३ थानको ४,७३,०००।-(चार लाख तिरहत्तर हजार) र रु.५००।-(पाँच सय) दरका ५४ थानको रु.२७,०००।-(सत्ताइस हजार) गरी जम्मा रु.५,००,०००।-(पाँच लाख) बरामद भएको देखिंदा उजुरवालाले आयोगमा निबेदन दिनु भन्दा अगाडी नै प्रतिवादीहरुले घुस/रिसवत माग गरेको कुरालाई रेकर्ड गरि पेश गरेको लिपिबद्ध CDR Records लाई Legally Admissible Evidence को रुपमा ग्रहण गरि प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपुर्ण हुँदा बदरभागी छ।<br>४. ट्याक्सी मिटरमा सिल लगाउने कामको लागी नेपाल गुणस्तर तथा नापतौल विभागमा गएका यि उजुरवालासँग प्रतिवादीहरुले घुस रकम माग गरी Bargaining गरेको तथ्य मिसिल संलग्न सि.डी., कल रेकर्ड समेतबाट प्रष्ट देखिन्छ। निवेदक चन्द्रप्रसाद न्यौपानेले निवेदन साथ पेश गरेको कल डिटेल (CDR) सेवाग्राही निवेदक चन्द्रप्रसाद न्यौपाने र आरोपीमध्येका सहायक निरीक्षक ठाकुरराम खड्काले मिति २०७४।५।२२ गते अर्थात् २०१७/०९/०७ मा घुस/रिसवतको रकम मोलमोलाई गरी भेट्ने समय र स्थान समेत तय गरेको कल डिटेल (CDR) समेत मिसिलसाथ संलग्न छ।<br>५. उजुरवाला चन्द्र प्रसाद न्यौपानेले अनुसन्धानको क्रम पेश गरेको प्रतिवादीहरुले घुस रकम माग गरी Bargaining गरेको सि.डि. को स्क्रिप्ट राईटिङ्गमा उजुरवाला चन्द्र प्रसाद न्यौपाने र प्रतिवादी ठाकुराम खड्का बिचमा संवाद हुदाँ उजुरवाला चन्द्र प्रसाद न्यौपानेसँग प्रतिवादी ठाकुराम खड्काले "म खड्का सर बोलेको के चिन्नु भएन? ए कती खेर आउनु हुन्छ यता। सरले त त्यही ८:३० तिर आउनु भन्नु भा थियो होइन? कती भयो? त्यही त सके सम्म पुरा गर्नुहोस् हैन? ए सर ले त त्यही कुरा गर्नु हुन्थ्यो हुन्छ अव त्यो अहिले भएको उ गरी राख्नुहोस् २/४, १/२ दिनमा उ गर्दा हुन्छ नि त । बाँकी चै ।अँ विकास सर पनि आउनु हुन्छ ? सल्लाघारी ठयाकै चोकमा आउनु न है ? उक्त स्थानमा विकास ध्वन्जु पनि आउने कुरा उल्लेख गरेको देखिन्छ, प्रतिवादीले उजुरवालालाई पाँच पुर्याएर ल्याउनु भनि प्रेसर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अधिवक्ता विष्णुप्रसाद घिमिरे विरुद्ध संघीय संसद समेत भएको (०७४-WC-००२०) को उत्प्रेषण मुद्दामा) न्यायिक व्याख्या समेत भएको।<br>**ख.**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) मा भएको कानूनी व्यवस्थाअनुसार भ्रष्टाचार कसूर ठहर हुनका लागि प्रतिवादीले आफ्नो ओहदासम्बन्धी कुनै काम गर्न वा गरिदिए वापत वा नगर्न वा नगरी दिएवापत आफ्नो वा अरु कसैको निमित्त घुस रिसवत लिएको वा लिन मन्जुर गरेको देखिनु पर्ने।<br>**ग.**प्रतिवादीहरु अदालत समक्ष आरोपित कसूरमा इन्कार रही बयान गरेको।<br>**घ.**प्रस्तुत मुद्दामा उजूरकर्ता के कुन कामका लागि कहिले कार्यालयमा गएको? प्रतिवादीहरुले के कसरी कहिलेदेखि काम नगरी निवेदनसंग रकम माग गरेको? र उजूकर्ता निवेदकले रकम दिनुपर्ने अवस्था श्रृजना भएको हो? भन्ने कुरा खुलाएको देखिदैंन। उजूरी निवेदकले | गरेको देखिन्छ। उजुरवालाले म सँग साढे तीन मात्र छ भन्दा प्रतिवादीले पाँच पुर्याएर ल्याउनु भनि Bargaining गरेको र यसै शिलशिलामा उजुरवालाले आयोगबाट प्रमाणित गरेर ल्याएको रु. ५,००,०००।–(अक्षरेपी पाँच लाख) प्रतिवादीबाट बरामद भएको देखिंदा बरामद हुनु भन्दा अगाडि नै प्रतिवादीले उजुरवालाले घुस रिसवतको रकम Bargaining गरेको तथ्य पुष्टि हुँदा हुँदै उक्त प्रमाणलाई नजर अन्दाज गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुँदा बदरभागी छ। अतः लिपिवद्ध भएको मिसिल संलग्न सि.डी.मा उल्लेखित व्यहोरा हेर्दा यि सेवाग्राहीसँग प्रतिवादी ठाकुराम खड्काले दबावयुक्त भाषामा रकम वार्गेनिङ्ग गरेको र यति रकम व्यवस्था गर्नु भनि आत्मविश्वास (Self Confidence) का साथ वोलेको प्रष्ट देखिन्छ। यसरी अनुसन्धान गर्ने निकायले निश्चित मापदण्डमा आधारित रहेर निर्माण गरिएको वनावटी, कृत्रिम वा संसयमुक्त नभएको कानून सम्मत तवरबाट तयार भएका CD पेश हुन आएमा प्रमाणमा ग्रहण गर्नुपर्ने (ने.का.प. २०७८ अंक १ नि.नं. १०६३५) मा प्रतिपादित सिद्धान्त अनुसार उक्त सि.डि. प्रमाणमा ग्रहण गरी प्रतिवादीहरुलाई सजाय गर्नुपर्नेमा उक्त नजिर सिद्धान्तको भावना विपरित अन्यथा ब्याख्या गरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिई भएको फैसला त्रुटीपूर्ण छ।<br>६. उजुरकर्ता चन्द्रप्रसाद न्यौपाने सेवाग्राही रहेको, निज चन्द्रप्रसाद न्यौपानेसँग लिएको रकम प्रतिवादी विकाश ध्वन्जुको झोलाबाट बरामद भएको, प्रतिवादीहरु विकाश ध्वन्जु, दुर्गाप्रसाद रेग्मी र ठाकुरराम खड्काको आपसी सल्लाह र मिलेमतोमा घुस वापतको रकम एकिन गरि उजुरवालासँग Bargaining गरेको देखिएको,प्रतिवादी विकाश ध्वन्जुको अदालतमा बयान गर्दा बरामद रकम मेरो झोलामा थियो, सो रकम झोलाबाट झिकेर समाउन लगाएको कारणबाट आफ्नो हात धोएको पानीको रङ्ग परिवर्तन भएको हो भन्ने बेहोरा उल्लेख गरेको देखिएको, प्रतिवादी दुर्गाप्रसाद रेग्मीले बयान गर्दा आफू समेत अन्य दुईजना प्रतिवादीहरु युनिभर्सल तन्दुरी रेष्टुरेण्ट सल्लाघारी, भक्तपुरमा गएको कुरा स्वीकार गर्दै तीनैजना प्रतिवादीहरुसँगै रहेको अवस्थामा प्रतिवादी विकाश ध्वन्जुले सेवाग्राहीसँग रकम लिएर आफैले बोकेको झोलामा राखेको भन्ने बेहोरा लेखाएको देखिएको, निजले अदालतमा बयान गर्दा सेवाग्राही चन्द्र प्रसाद न्यौपानेसँग आफूले हात मिलाएको कारणबाट आफ्नो हात धोएको पानीको रङ्ग परिवर्तन भएको भन्दै सेवाग्राहीले प्रतिवादी विकाश ध्वन्जुलाई रकम दिएको कुरा स्वीकार गरेको देखिएको,अर्का प्रतिवादी ठाकुरराम खड्काले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो उजुरी निवेदक चन्द्रप्रसाद न्यौपानेसँग टेलिफोन सम्पर्क भएको कुरा स्वीकार गर्दै निज चन्द्रप्रसाद न्यौपानेलाई विकाश ध्वन्जु समेतको सर-सल्लाहबाट युनिभर्सल तन्दुरी रेष्टुरेण्टमा बोलाएको तथ्यलाई स्वीकार गरेको देखिंदा उजुरवालासँग यि प्रतिवादीहरुको कार्यालयको कामको शिलशिलामा नियमित सम्पर्क रहेको, उजुरवाला संलग्न रहेको कम्पनीको मिटरहरुमा सिल लगाउने काममा यि प्रतिवादीहरुको संलग्नता रहेको, र यसै शिलशिलामा सो काम वापत प्रतिवादीहरुले घुस/रिसवत रकम माग गरेको तथ्य स्थापित भई विशेष अदालतबाट समेत उक्त तथ्य र प्रमाणहरुलाई ग्रहण गरि प्रतिवादीहरुलाई सजाय हुने ठहर गरि सकेको अवस्थामा सर्वोच्च अदालत डिभिजन बेञ्चबाट उक्त प्रमाणहरुलाई नजरअन्दाज गरि केवल बरामद रकमको प्रक्रियागत विषयमा मात्र केन्द्रित भई, निवेदक विष्णुप्रसाद घिमिरे भएको ०७४-WC-००२० रिटमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २०७४।५।१९ मा विभागमा गएको भनी वेहोरा उल्लेख गरेपनि गुणस्तर तथा नापतौल विभागको मिति २०७५।५।१७ को पत्रबाट सो वेहोरा खण्डित भएको।<br>**ङ.**सि.डि.मा लिपिबद्ध वेहोरामा सेतो थैलीबाट रकम बरामद भएको भन्ने देखिएकोमा अभियोग दावीमा कालो झोलाबाट बरामद भएको भन्ने फरक वेहोरा उल्लेख गरेको देखिएको। | सर्वोच्च अदालतबाट भएको फैसलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज गरि केवल बरामद रकमको हकमा मात्र प्रमाण नलाग्ने, सो बाहेकका अन्य प्रमाणबाट प्रतिवादीहरुले घुस रिसवत लिएको पुष्टि भएमा प्रतिवादीहरु विरुद्धको कसूर प्रमाणित हुने भन्ने नजिर सिद्धान्तको समन्वयात्मक व्याख्या नगरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि गरेको फैसला त्रुटीपुर्ण हुँदा बदरभागी छ।<br>७. जहाँसम्म निवेदक विष्णुप्रसाद घिमिरे भएको ०७४-WC-००२० रिटमा सर्वोच्च अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज गरेको परिपेक्ष्यमा सो नियम ३० को प्रावधान अनुसार संकलन गरिएका प्रमाण (वरामद रकम एवं वरामदी मुचुल्का) ग्रहण योग्य नहुने भनि व्याख्या भएता पनि सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध नापी सर्भेक्षक वाल मुकुन्द श्रेष्ठ भएको भ्रष्टाचार मुद्दा ०७५-CR-००५१ मा “अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य गरिएको संविधान र कानूनको मान्य सिद्धान्त अनुकुल रहेको छ तर अरु प्रमाणहरुबाट भ्रष्टाचार प्रमाणित हुने अवस्था छ भने पनि कुनै राष्ट्रसेवकले गरेको भ्रष्टाचारजन्य कसुरबाट सफाई पाउनुपर्छ भन्ने सम्मानित संवैधानिक इजलाशको फैसलाको मकसद रहेको देखिंदैन। त्यसैले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नरहेको मानेर हेर्दा मौजुदा प्रमाणहरुबाट कुनै व्यक्तिले भ्रष्टाचारजन्य कसुर गरेको प्रमाणित हुन आउँछ भने त्यस्तो व्यक्तिलाई सफाई दिन मिल्ने देखिंदैन। नियम ३० वमोजिम वाहेक अन्य तवरबाट संकलन गरिएका प्रमाणहरु पनि रहेका हुन्छन् भने सो नियम ३० अमान्य र बदर हुँदैमा अदालतमा विचाराधीन मुद्दा स्वतः समाप्त हुने वा खारेज हुने वा भए गरिएका सम्पूर्ण कारवाहीहरु प्रारम्भ देखिनै अमान्य र वदर हुने होइनन्। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याँकनका आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ” भनि प्रतिपादित सिद्धान्त समेतको आधारमा उक्त फैसला त्रुटीपूर्ण छ।<br>८. सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं. ०७८-CR-०४९९, ०७५-CR-०६२९, ०७५-CR-००५१ र ०७५-CR-१२८९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमवाली,२०५९ को नियम ३० बाहेकका अन्य प्रमाणहरुबाट कसूर पुष्टी हुन आएको अवस्थामा उक्त कसूरलाई सजाय गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ भनि उजुरकर्ताको प्रतिवादी उपरको किटानी निवेदन, खानतलासी तथा बरामदी मुचुल्का, रंगेहात नमुना संकलन परीक्षण मुचुल्का लगायतका प्रमाणहरुलाई मूल्यांकन गरी कसूर ठहर गरेको अवस्थामा प्रस्तुत मुद्दामा समेत वादी नेपाल सरकारको तर्फबाट उपस्थित उजुरवाला चन्द्र प्रसाद न्यौपाने, मौकाको बरामदी मुचुल्काका मानिसहरु संजिब पोखरेल, लक्ष्मी श्रेष्ठ, रवि घिमिरे, मनराज वाँनिया, सुवास अधिकारी, चन्द्र बहादुर खड्का, हेम कुमार थापा समेतले खानतलासी बरामदी मुचुल्का बेहोरालाई समर्थन गरी अदालत समक्ष बकपत्र गरेको अवस्थामा बरामदी बाहेक अन्य प्रमाणको आधारमा प्रतिवादीले घुस रिसवत लिएको ठहऱ्याई प्रतिवादी उपर कसूर कायम गरेको उपरोक्त मुद्दाको तथ्य र प्रमाणको यथार्थता यस मुद्दामा समेत समान तवरमा विद्यमान रहँदा रहँदै सो मुद्दामा प्रतिवादी उपर कसूर ठहर गर्ने र प्रस्तुत मुद्दामा प्रतिवादीलाई सफाई दिने कार्य Treat like cases alike different cases |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | differently भन्ने कानूनशास्त्रको मूलभूत मान्यताको समेत प्रतिकुल हुने गरी सम्मानित अदालतको संयुक्त इजलासबाट फैसला भएको देखिएबाट प्रस्तुत फैसला नजिरको परिपालनाको सन्दर्भमा समेत बदरभागी छ।<br>९. यसै सन्दर्भमा नेपाल सरकार विरुद्ध रमेश लामिछाने भएको भ्रष्टाचार मुद्दा (०७५-CR-०५३६) मा समेत प्रतिवादी अरुबाट लोभ जगाइएको र आफै लोभिएको स्थितिका विचको फरक, भ्रष्टाचारजन्य कसुरमा प्रतिवादीको नियत तत्व एवं ०७४-WC-००२० रिटको व्याख्याको रोहमा अन्य सम्वद्व प्रमाणहरुबाट प्रतिवादीहरु उपर लगाएको आरोप पुष्टि हुने नजिर सिद्धान्त विपरित विशेष अदालतबाट कसुर ठहर भएका प्रतिवादीहरु ट्याक्सी टेम्पु इकाइका टेम्पो इकाईमा तत्काल निरीक्षक पदमा कार्यरत (तृ.प.रा) विकाश ध्वन्जु, सहायक निरीक्षक पदमा कार्यरत ठाकुरराम खड्का, सहायक निरीक्षक पदमा कार्यरत दुर्गाप्रसाद रेग्मीलाई सर्वोच्च अदालतबाटै प्रतिपादित उपरोक्त नजिर सिद्धान्त विपरित सफाई दिने ठहर गरी भएको फैसला नजिर सिद्धान्तको व्याख्यात्मक विश्लेषण एवं समान तथ्य भएका मुद्दामा सोको प्रयोगको रोहमा उक्त फैसला त्रुटिपूर्ण रहेकोले सो फैसला वदर गरी प्रतिवादीहरु विकाश ध्वन्जु, दुर्गाप्रसाद रेग्मी र ठाकुरराम खड्कालाई अभियोग मागदावी वमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ। |